# मिति २०७८।११।१२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** नेपालगञ्ज उप-महानगरपालिकामा प्राप्त श्री महाकाली शिव मन्दिर समितिको मिति २०७८।११।११ को पत्र अनुसार मन्दिर जिर्णद्वार सम्बन्धमा प्राविधिक शाखा बाट प्राप्त लागत अनुमान अनुसार ३०६४१७-अक्षेरुपी (तिन लाख छ हजार चार सय सत्र रुपैया) मात्र मन्दिर जिर्णद्वार मर्मतको लागि मर्मत संभार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२** नेपालगन्ज उप महानगरपालिका वडा नं. १७ अन्तर्गत सन्चालित श्री ज्ञानसागर मा.वि.परसपुरको पुस्तकालय भएको भवन नेपालगन्ज उप महानगरपालिकाको स्वामित्वमा रहेको र उक्त भवन हाल नेपालगन्ज उप महानगरपालिकाले ने.ग.१७ निवासी श्री सत्यनारायण कलवारलाई ठेक्कामा दिएकोले उक्त विद्यालयले हाल प्रयोग गर्दै आएको उक्त भवनको २ कोठामा रहेको पुस्तकालयलाई चैत्र मसान्तसम्म विद्यालय लाई प्रयोग गर्ने दिने र उक्त भवनको २ कोठाको भाडा चैत्र मसान्तसम्म छुट गर्ने विषयमा राजश्व परामर्श समिति को सिफारिस बमोजिम नै हुने गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त कारागार कार्यालयको मिति २०७८।११।०८ गतेको पत्रअनुसार कैदी बन्दी गृहमा सोलर लाईट सहयोग सम्बन्धमा २ थान सोलर लाईट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त नेपालगंज साईकिलिङ्ग क्लब नेपालगंज,बाँके को मिति २०७८।११।०८ मा पेश भएको पत्रअनुसार यहि मिति २०७८।११।२०-२१ मा संचालन हुने टुर दि ठाकुरद्धारा कार्यक्रमको लगि आर्थीक सहयोग माग सम्बन्धमा रु.२,००,०००।- (अक्षेरुपी दुई लाख) मात्र नेपालगंज साईकिलिङ्ग क्लब नेपालगंज कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त बाँके जिल्ला फुटबल संघ नेपलागंज, बाँकेको मिति २०७८।१०।६ गतेको पत्रअनुसार यस नेपालगंज उप-महानगरपालिका भित्रका १२ वर्ष मुनिका बालबाकिाहरुलाई फुटबल प्रशिक्षण कार्यक्रम संचालन गर्न सिटी युथ क्लवलाई सिफरिस भई आएकोले सो संचालनको लागि रु२,५०,०००।-(अक्षेरुपी दुई लाख पचास हजार) मात्र सिटी युथ क्लव नेपालगंज, बाँकेलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** सघ समपुरक अनुदान अर्न्तगत नेपालगंज उप-महानगरपालिकाको ठेक्का न. NSMC/NCB/W05/2078-79) Construction of Roads at various Places of Nepalgunj (Package no. 1) कार्यको ठेक्का सम्झौता भई बचत रकम बाट नगर प्रमुख ज्युको सिफारिस बमोजिम यस नगरपालिका भित्र निर्माण गर्नुपर्ने सडकहरुको ठेक्का प्रकिया मार्फत कार्यव्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** नेपालगंज उप-महानगरपालिकाबाट संचालनमा रहेको कान्जी हाउस संचालन तथा व्यवस्थापनको लागि आवश्यक रु. ३,०००००।- (अक्षेरुपी तिन लाख मात्र) आकास्मीक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८ :** नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७७।०७८ को स्वमुल्ङ्कनको अन्तिम नतिजा यस कार्यपालिकाको बैठकमा पेश भएबमोजिम सम्पुर्ण कार्यपालिका सदस्य,जनप्रतिनिधि,

# मिति २०७८।११।१२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

नगरकार्यपालिकाको कार्यालयको शाखा प्रमुख,२३ वटै वडाका वडा सचिव र अन्य सरोकारवाला पक्षको सहभागितामा समिक्षात्मक कार्यक्रम पश्चच्यात कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं.९ :** नेपालगंज उप-महानगरपालिकामा श्री बैष्णव माता मन्दिर संरक्षण समिति बाँके को च.न. ०२ मिति २०७८।११।१० को नक्सा दर्ता निशुल्क गरिपाउँ भनी विषयको निवेदनको सम्बन्धमा छलफल हुदाँ धार्मिक महत्वका मंन्दिर ,मस्जिद, गुरुद्धार जस्ता भवनहरुको नक्सा पास गर्दा उप-महानगरपालिकामा लाग्ने नक्सा पास दस्तुर मिनाह गरी नि:शुल्क नक्सा पास गरिदिने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस उप-महानगरपालिकामा कसौधन वैश्य समाज नेपालगंज बाकैं,को मिति २०७८।११।११ को पत्रानुसार स्व मोहनलाल बैश्यको सालिका राख्ने बारेको अनुरोधका सम्बन्धमा छलफल हुदाँ सो रामजानकी तथा शिव मन्दिरको परिसरमा सालिक राख्न सोही समितिले निर्णय गर्न सक्ने र चोक नमाकरणका सम्बन्धमा सर्वदलिय निर्णय अनुसार मात्र निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** गल्स कलेज स्थापनाको लागि BCA ,BIT , BIT , LLB BBS , BED, Bed एक वर्षे र पाँच बर्षे तथा एक बर्षे कार्यक्रम सहित सम्बन्धनको लागि पूर्वाञ्चल वि.वि. का साथै नेपालका अन्य वि.वि.हरुसंग समन्वय तथा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** गल्स कलेज स्थापनाको लागि नेपालगञ्जमा निर्माण भएको भवन तथा भौतिक संरचनाको अवलोकनका लागि पूर्वाञ्चल वि.वि. का उपकुलपतिलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** मिति २०७८।०८।१२ देखि १४ सम्म खजुरा गा.पा मा जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालित महिला भलिवल प्रतियोगितामा नेपालगञ्ज उपमहानगरपालिका को तर्फबाट सहभागि भई प्रथम पूरुस्कार विजेता समुह प्रशिक्षक/कोच सहितलाई राम्रो ट्र्याक शुट सेट एक एक खरिद गरि प्रोत्साहनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४ :** संघीय सरकारबाट चालू आ.व. २०७८।०७९ मा यस उप-महानगरपालिकालागी स्वीकृत विशेष अनुदानतर्फ मधेशी, मुस्लिम, दलित, आदिवासीजनजाती, लोपोन्मुख जनजातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन तथा क्षमताविकास कार्यक्रमअन्तर्गत् सोही समुदायका व्यक्तिहरुको सहभागीतामा चारपाङ्गे मोटर चालकतालिम ७० जनालाई र अटो रिक्साचालक तालिम ६० जनालाई प्रशिक्षित गराई सवारी अनुमतिलिन सक्ने क्षमताविकास गराउने उद्धेश्यका साथ सेवाप्रदायक संस्थासंग प्रस्तावआहवान गरी माग गरिएकोमा शुभ स्वस्तिक ड्राइभिङ्ग स्कुल छनौट भई उल्लेखित तालिम सञ्चालनकालागी सम्झौता गरी मोटर चालक तालिममा तोकिएको संख्यामा सहभागी पठाई तालिम सञ्चालनभईरहेको, तर अटो रिक्साचालकतालिममा सहभागी नभएका कारण तालिम हुन नसकेकोले उक्त तालिम सञ्चालनगर्न सो सेवाप्रदायक संस्थासंग सम्झौता भएको रकम रु ४९२०००।-को परिधिमा रही सो तालिमको सट्टामा ४१ जनालाई

## मिति २०७८।११।१२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

चारपांग्रे मोटर चालक तालिम प्रदान गर्ने भनिमिति २०७८।१०।२६ गतेको कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम यस कार्यालयको सामाजिक, गै.स.सं तथा साझेदारी विकास शाखाबाट प्रकाशति सूचना अनुसार सहभागीहरुको दरखास्त संकलन गरिएकोमा १७५ जनाभन्दा बढीको आवेदन प्राप्त हुनआएको सन्दर्भमा सेवा प्रदायक संस्थाबाट प्रस्ताव मागगर्दा घटाघट भई बचत भएको रकम रु११०००।- यसैगरि लोक सेवा तथा शिक्षक सेवा आयोगबाट लिईने विभिन्न पदको पूर्व तयारी कक्षा सञ्चालनका लागी सेवाप्रदायक संस्थासंग सम्झौता भई बाँकी रहेको रु ८५०००।- समेत जम्मा रु ९६०००।- रकमबाट खर्चहुने गरी पेश भएकाआवेदनहरु मध्येबाट लक्षित विपन्न वर्गकाथप ८ जनालाई समेत समावेश गर्न लगाई हाल प्रशिक्षण दिईरहेको सोही सेवाप्रदायक संस्थामार्फत् मोटर चालक (चारपाङ्गे) तालिम सञ्चालन गर्न लगाई कार्य सम्पन्न पश्चात् उक्त संस्थालाई भुक्तानीदिने निर्णय गरियो ।

**निर्णय नं.१५** नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १३ स्थित टच नेपाल नामक गै.स.सं. द्धारा वडा नं. ९, १३ र १५ माबसोवास गर्ने ५० जना लक्षित विपन्न महिला वर्गलाई केन्द्रित गरी २५-२५ जनाका दरले २ समूहमा, प्रत्येक समूहलाई ३ दिनको फरक-फरक अचार बनाउने तालिम सञ्चालन गर्ने उद्धेश्यले रु ३४८०००।-को प्रस्ताव पेश गरेकोमा प्रस्तावित रकममध्ये चालू आ.व. २०७८।०७९ को यस उपमहानगरपालिकाको स्वीकृत बजेट अन्तर्गत लक्षित वर्गका व्यक्तिहरुलाई रामलिला मैदान स्थित तालिम केन्द्रमा सीप मूलक तालिम संचालन शिर्षकमा विनियोजित रकममध्ये बाट खर्च हुने गरी रु २५००००।- र बाँकी रकम संस्थाको तर्फबाट लागत सहभागीता सहित सम्झौता गरी कार्यान्वय नगर्न लगाउने निर्णय गरियो।

**निर्णय नं.१६** लागू औषध विरुद्ध नि:शुल्क परामर्श केन्द्र (नेपालगञ्ज-१०, गणेशमानचौक) नामक गै.स.सं.द्धारा लक्षितवर्ग तथा सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रमका साथै संस्थागत क्षमता अभिवृद्धी गर्न प्रोजेक्टर लगायत सामाग्री खरिद गर्ने गरी रु १,९२,१००।०० को प्रस्ताव सहित सहयोग माग भएको सम्बन्धमा चालू आ.व. २०७८।०७९ मा यस उप-महानगरपालिकाको लागू औषध विरुद्धका कार्यक्रममा विनियोजित रकममध्येबाट खर्च हुने गरी रु १,५०,०००।- (एकलाखपचास हजार) र बाँकी रकम संस्थाको तर्फबाट लागत सहभागीता सहित सम्झौता गरी कार्यान्वयनगर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.१७** गरिवीनिवारणका लागी लघू उद्यमविकास कार्यक्रम (मेड्पा) तर्फ चालू आ.व. २०७८।०७९ माप्राप्त सशर्त अनुदान रकममध्ये साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनमा सहजीकरण शिर्षकमा विनियोजित रकम रु ५,००,०००।०० बाट यस उप-महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. २ स्थित सिटी प्यालेस नजिकै निर्माण भई महिलाउद्यमी संघले हालकोसेली घर सञ्चालन गरिरहेकोमा उक्त संघद्धारा सो भवनको माथिकार्यालय सञ्चालन गर्ने गरी तला थपका लागीमिति २०७८।१०।७गते पत्रमार्फत् सहयोग माग गरेकोमा छलफल हुँदा साझा सुविधा केन्द्रको रुपमाविस्तार गर्न जरुरी देखिएकोले तला थपका लागीलागत अनुमान तयार गर्न लगाई प्रक्रिया बमोमिजम  निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

## मिति २०७८।११।१२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१८** यस नेपालगज उपमहानगरपालिकाको नगर कार्यपालिकाको बोर्ड बैठकमा पेश भएको मानव बेचविखन नियन्त्रण सम्बन्धी रणनीतिक कार्य-योजना, मनोरञ्जन तथा तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित तथा मर्यादित श्रम सम्बन्धी न्युतम मापदण्ड तथा अनुगमन निर्देशिका, २०७८,लैङ्गिक समानता तथा सामाजिक समावेशी निति, लैङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीति तथा कार्ययोजना,बालमैत्री स्थानिय शासन कार्यन्वयन निर्देशिका २०७८, सार्वजनिक परिक्षण संचालन कार्यविधी, सामाजिक परिक्षण संचालन कार्यविधी,सार्वजनिक सुनुवाई संचालन कार्यविधी र सुरक्षित आप्रवासन लाई व्यवस्ति गर्ने कार्यविधी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :** यस उपमहानगरपालिकाको वडा नं. ८ स्थित गर्ल्स कलेज निर्माण भई उक्त शिर्षकमा बचेको बचत रकम र जिल्ला समन्व्य समिति बाट प्राप्त रकम उक्त गर्ल्स कलेजको प्राङ्गण र अन्य भोतिक संरचना उपभोक्ता समिति मार्फत निर्माण गर्ने र मिति २०७८।०९।१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. १० बमोजिम बि.टि.एस. रोड साइड मार्केट संचालनका लागि सटरहरु निर्माण गर्न २५ लाख विनियोजन भएकोमा उक्त कार्य उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२० :** नेपालगंज उपमहानगरपालिकामा प्राप्त नेपालगंज उपमहानगरपालिका वडा नं. १२ को मिति २०७८।११।१२ गतेको पत्रानुसार वडा नं. १२ मारहेको चिल्ड्रेन पार्क तथा एभिएन म्युजियम रहेको पार्कमा प्री -कास्ट ले कम्पाउण्ड वाल लगाउने कममा उपभोक्ता समितिले बहन गर्नुपर्ने ५ प्रतिसत रकम उपभोक्ता समितिले उठाउन नसक्ने भनी छुटकोलागी अनुरोध भई आएकोले सोही बमोजिम उपभोक्ता समितिले बहन गर्नुपर्ने ५ प्रतिसत रकम छुट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१ :** नेपालगंज उपमहानगरपालिकाका सबै वडाहरुमा बाल विवाह मुक्तको लागी विभिन्न योजनाहरु संचालन भई प्राप्त मुल्याङ्कलाई अध्ययन गरी नेपालगंज उपमहानगरपालिकालाई यही फागुन मसान्त भित्र बाल विवाह मुक्त नगरपालिका घोषण गर्ने निर्णय गरियो ।